बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची-१

## बुदा नं. १२.२ संग सम्बन्धित

बैठक संख्या: ११२

मिति: २०८१/०८/२९

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| १. | श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं. वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थिति:**

| | | |
|---|---|---|
| १. | तुल बहादुर पुन | जनस्वास्थ्य निरिक्षक |
| २. | भिमसेन बुढामगर | सूचना प्रविधि अधिकृत |
| ३. | देवदत्त रिजाल | प्रशासन पाचौं |
| ४. | प्रकाश बुढा मगर | एम आइ एस अपरेटर |
| ५. | यज्ञ प्रसाद कँडेल | लेखा शाखा प्रमुख |
| ६. | बिमला बुढा मगर | पोषण स्वयंसेवक |
| ७. | शर्मिला चौधरी | पब्लिक हेल्थ नर्स |
| ८. | गिताकुमारी वि क | पब्लिक हेल्थ नर्स (स्टाफ नर्स) |
| ९. | निर्धक रोकामगर | कार्यालय सहयोगी |

**प्रस्तावहरू:**

१. कर्मचारी व्यवस्थापन सम्बन्धमा,
२. पोषण कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा,
३. पोषण कार्यक्रमको कार्ययोजना स्वीकृत सम्बन्धमा,
४. राहत क्षतिपूर्ति तथा पुन निर्माण सम्बन्धमा,
५. राष्ट्रिय परिचयपत्रको शिविर सम्बन्धमा,
६. जरिवाना सम्बन्धमा,
७. सुरक्षित नागरिक आवासका लागि लाभग्राही छनौट सम्बन्धमा,
८. विविध
    १. कार्यविधि सम्बन्धमा।
    २. लेखा परिक्षण सम्बन्धमा।
    ३. शहिद स्मृति सभाहल सम्बन्धमा।

थवाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**निर्णयहरू:**

**निर्णय नं. १.** प्रस्ताव नं १ माथि छलफल गर्दा नेपाल विद्युत प्राधीकरणको केन्द्रीय प्रसारण लाइनको विस्तार तथा व्यवस्थापनमा सहजीकरणका लागि एक जना अपरेटरको नियुक्तिका लागि विज्ञापन गर्ने र स्वास्थ्य तर्फका ३ जना स्टाफ नर्स र १ जना अ.हे.व. पदको पदपूर्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. २.** प्रस्ताव नं २ माथि छलफल गर्दा संघीय सरकारवबाट सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रमको आ व २०८१।०८२ को कार्यक्रम सञ्चालनका लागि वडा नं ५ लाई छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं.३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा संघीय सकारबाट सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रमको आ व २०८१।०८२ को कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४.** प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँ कार्यपालिका कार्यालयमा विपदमा परी राहत पाउँ भनि पेश हुन आएका निवेदनमा नियमानुसारको प्रक्रिया पुऱ्याइ विपदमा परेका व्यक्तिहरुलाई क्षतिको मूल्याङ्कनका आधारमा तपशिल बमोजिमको राहत रकम दिने निर्णय गरियो।

***तपशिल***

१. हिक्मत वि.क. रु १०,०००/-

साथै वडा नं ३ को स्वास्थ्य चौकी मिरुलको परिसरमा वर्खा याममा पहिरो गएकाले उक्त कार्यलाई सरसफाई गर्नका लागि गाउँपालिकाको प्राविधिकको इस्टिमेट अनुसार गर्ने निर्णय गरियो।

**निर्णय नं. ५.** प्रास्ताव नं ५ माथि छलफल गर्दा ज्येष्ठ नागरिकका लागि उपलब्ध हुने सामाजिक सुरक्षा भत्ताको लागि अनिवार्य भएको राष्ट्रिय परिचयपत्रको दर्ताको लागि पाँच वटै वडामा एक एक दिने शिविर सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६.** प्रस्ताव नं ६ माथि छलफल गर्दा दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना-दोस्रो चरण अन्तर्गत मिति २०७९ फाल्गुण १९ गते गुरुकुल इन्स्टिच्यूट अफ टेक्निकल एजुकेशन प्रा लि, कञ्चनपुरसँग सम्झौता गरी सञ्चालनमा रहेको १० महिने Professional Mason तलिमको In-House Training र OJT मिति २०८१ श्रावण महिनाभित्र नै सम्पन्न भईसकेकोमा सीप परिक्षणका लागि तालिम प्रदायक संस्थालाई बारम्बार पत्राचार गरी कार्यालयमा छलफलका उपस्थितिका लागि अनुरोध गर्दा पनि तालिम प्रदायक संस्थाबाट कोही उपस्थित नभएको र तालिम सञ्चालनका क्रममा संस्थाले जानी जानी वदनियतपूर्ण ढंगले ढिलासुस्ती गरेको देखिएकोले प्रचलित कानून बमोजिम मिति

२०८१/०८/२९ गते देखि प्रतिदिन कबोल रकमको ०.०५ % को दरले जरिवाना असुल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**. प्रस्ताव नं ७ माथि छलफल गर्दा आ व २०८१।०८२ का लागि सुरक्षित नागरिक आवास कार्यक्रमका कार्यान्वयन गर्न देहायका लागि लाभग्राहीहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | वडा नं | संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ६ | |
| २ | २ | ६ | |
| ३ | ३ | १० | |
| ४ | ४ | ६ | |
| ५ | ५ | ६ | |
| | जम्मा संख्या | ३४ | |

**निर्यण नं. ८.** विविध प्रस्तावको नं ८ को प्रस्ताव माथि छलफल गर्दा थबाङ गाउँपालिकाको विद्यालय लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८१ र उपाध्यक्ष कोसेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

यस थबाङ गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको आ.व. २०८०/०८१ साथै विगतका वर्षमा Registered Audit नभएको खण्डमा सो समेतको Registered Audit बाट १ हप्ताभित्र लेखा परिक्षण गर्ने निर्णय गरियो ।

संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयबाट कार्यान्वयन हुने संघीय सरकारको आ.व. २०८१/०८२ वार्षिक कार्यक्रम अन्तर्गत रोल्पा जिल्ला थबाङ गाउँपालिका-३ शहीद स्मृति बहुउद्देश्यीय सभाहल निर्माणको निर्माण कार्यका लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।